# NEPALI

## (Second Language)

***Maximum Marks : 80***

***Time Allowed : Three Hours***

1. *Answers to this Paper must be written on the paper provided separately.*
2. *You will **not** be allowed to write during the first **15** minutes.*
3. *This time is to be spent in reading the question paper.*
4. ***The time given at the head of this Paper is the time allowed for writing the answers.***
5. *This paper comprises two Sections; **Section A** and **Section B.***
6. *Attempt **all** the questions from **Section A**.*
7. *Attempt **four** questions from **Section B**, answering at least **one** question each from the **two** books you have studied and **any two** other questions from the same books that you have compulsorily chosen.*
8. *The intended marks for questions or parts of questions are given in brackets [ ].*

***Instruction for the Supervising Examiner***

*Kindly read aloud the instructions given above to all the candidates present in the Examination Hall.*

**This Paper consists of 12 printed pages.**



© *Copyright reserved.*

## SECTION—A (40 Marks)

*Attempt **all** questions from this Section.*

**Question 1**

Write a short composition in **Nepali** of approximately **250** words on any **one** of the following topics :— [15]

निम्नलिखित विषयहरूमध्ये कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **250** शब्दहरूको लम्बाइमा संक्षिप्त रचना तयार पार :—

(i) बनजङ्गल प्रकृतिको अनुपम उपहार हो। मानव जीवनमा बनजङ्गलको प्रत्यक्ष औ अप्रत्यक्ष लाभको चर्चा गर्दै, यसको नाशबाट हुने दुष्परिणामबारे पनि सर्तक गराएर एउटा रचना तयार गर।

(ii) हिज-आज ''फास्ट फूड'' को चलन बढ़िरहेको छ, साथमा रोग र औषधीको प्रयोग पनि बढ़िरहेको छ। यस भनाइमाथि आफ्नो मन्तव्य प्रकट गर।

(iii) "एक असल शिक्षकले अनेकौं जीवनलाई परिवर्तन गर्न सक्छ।" यस भनाइको सत्यतामाथि प्रकाश पार्दै एउटा सुन्दर रचना तयार पार।

(iv) निम्नलिखित कुनै एक शीर्षकमा एउटा सुन्दर कथा लेख :—

(क) भाग्य।

(ख) लोभले लाभ लाभले विलाप।

(ग) विश्वासघात।

(v) तलका चित्र हेरेर तिम्रो मनमा के कस्तो भावना उब्जन्छ लेख।



**Question 2**

Write a letter in **Nepali** in approximately **120** words on any **one** of the topics given below :—

निम्नलिखित कुनै **एक** विषयमाथि **नेपालीमा** लगभग **120** शब्दहरूको लम्बाइमा पत्र लेख :— [7]

(i) तिम्रो पाठशालाको छेउमा थुप्रिएको मैलाबाट उत्पन्न दुर्गन्ध र विद्यार्थीहरूले भोग्नुपरेको समस्याहरूबारे जानकारी गराउँदै, शीघ्र समाधानको निम्ति नगरपालिका अध्यक्षलाई एउटा अनुरोध पत्र लेख।

**अथवा**

(ii) मानिलेऊ तिमी विद्यालयबाट घर फर्कदा बाटोमा खसेको कसैको मोबाइल फोन भेट्यौ। फोन भेटेपछि तिम्रो मनमा उब्जिएका विचारहरूलाई समेट्दै, त्यसपछि तिमीले के गर्‍यौ साथीलाई पत्रमा वृत्तान्त वर्णन गर।

**Question 3**

Read the following passage carefully and answer in **Nepali** the questions that follow, using your own words as far as possible :—

तल दिइएका उद्धरण ध्यानपूर्वक अध्ययन गर अनि त्यसपछि दिइएका प्रश्नको उत्तर **नेपालीमा** लेख। उत्तरहरूमा जतिसक्दो आफ्नै शब्द प्रयोग गर :—

"प्रत्येक कुरोको नै सीमा हुन्छ, तसर्थ सीमा नाघेर उपद्रो गर्नुहुँदैन।"

त्यसरी त्यस घरमा अचानक बाहिरबाट घुसेका नयाँ बलिया मुसाहरूका उत्पातलाई आलोचना गर्दै त्यहाँ धेरैअघिदेखि नै बस्दै गरेका पुराना सभ्य मुसाहरूको सबैभन्दा जेठो सदस्यले भनिरहेका थिए।

त्यस घरमा भएका पुराना मुसाहरू निकै अनुशासित थिए। तिनीहरूले त्यस घरको शान्तिलाई कहिल्यै भङ्ग गरेनन्। भान्साकोठातिर खसेर रहेका आहारमात्र खाएर बाँच्ने शिक्षा लिएका ती सभ्य मुसाहरूले कहिले पनि त्यस घरमा अरू चीजबीज टोकेर उपद्रो गर्ने गरेका थिएनन्। त्यसो हुनाले घरमा मालिक अनि परिवारलाई पनि ती मुसाहरूका उपस्थितिले ठ्याम्मै बिझाएका थिएनन्।

तर अचानक कुन्नि कताबाट त्यस घरभित्र आएका नयाँ उच्छृङ्खल मुसाहरूका प्रवेश भएपछि सबै कुरा नै परिवर्तन भइहाल्यो। अहो ! उत्पात मच्चाउनुमा व्यस्त ती नयाँ मुसाहरूलाई कसले पो सक्ने र। भाँड़ाभित्र राखिएका खानेकुरोहरू ढकनी उघार्दै खानुदेखि लिएर घरमा भएका कागज लुगाफाटाहरू समेत काट्न थालिएपछि घरका सदस्यहरू सबै नै हैरान बन्दै गए।

त्यसपछि घरपरिवारमाझ ती उत्पात्ते मुसाहरूलाई कसरी हटाउने भन्ने चर्चा हुन थाल्यो। कतिजनाले त विष दिएर मार्नुपर्छ्ध समेत भने तर घरमा कुन कुनातिर गएर मर्छन् होला र त्यो कुहिएर सहन नसक्ने गन्ध आउला भन्ने चिन्ताले बाधा उत्पन्न गरयो। अन्त्यमा सबैजनाको सहमति बमोजिम खोर थापेर मुसाहरू पक्रिने अनि टाढ़ा कतैतिर लगेर फाल्ने निधो भयो।

त्यसरी, घरभित्र एक ठाउँमा मुसा पक्रिने खोर राखियो। त्यस खोरको नजीकतिर राम्रा खानेकुरा छरेर अनि खोरभित्र ता अझ होशियारीसाथ मुसाहरूलाई मन पर्ने आहार राखेर आकर्षित गर्ने उपाय गरियो।

तर, त्यसरी राखिएर जाल गरिएका छिरलो खानेकुरोप्रति पुराना मुसाहरूको भने कुनै प्रलोभन देखिएन। ती पुराना मुसाहरूलाई साधारण थरीका भुइँतिर झरेका आहारमात्र ग्रहण गर्ने आदत थिए। अर्थात, अनुशासन र सीमालाई ती पुराना मुसाहरूले सावाधानीसित पालन गरिरहेका थिए। तसर्थ खोरनेर छरिएका खानेकुरोतर्फ हेर्नमात्र पनि तिनीहरूलाई इच्छा थिएन।

तर, नयाँ मुसाहरू भने गजपका खानेकुरो देखेर लालायित थिए। तिनीहरू खूबै आत्तिएका जस्ता देखिन्थे। त्यसरी मन थाम्न नसकेर ती नयाँ मुसाहरू रमाउँदै त्यस छरिएका खानेकुरोसित खेल्दै र खाँदै जॉदा खोरभित्र एक-एक गर्दै पस्दै गएका थिए। त्यसरी खोरभित्र थुना परेका मुसाहरूलाई टाढ़ा कतै झोड़ातिर फालिएपछि तिनीहरूलाई त्यस घरको दिशा र मानचित्र समेत थाहा नहुने भयो। त्यसप्रकार दुई सप्ताहभित्रमा नै नयाँ मुसाहरू सबै खोरमा थुना परेर फालिएपछि घरका परिवारहरूमा पुन: निश्चितन्तता आएको थियो।

जे होस्, त्यसपछि त्यस घरभित्र केवल पुराना मुसाहरू निर्विघ्न रहने भए। त्यसप्रकार वातावरण सामान्य बनेपछि ती पुराना मुसाहरू आपसमा भन्दै थिए-"सन्तुष्ट रहन सिक्नुपर्छ। जो उत्पात नमच्चाईकन प्राप्त थियो, त्यतिमा नै सन्तुष्ट रहेका भए ती नयाँ आएका मुसाहरू अझसम्म पनि मजाले बसिरहेका हुन्थे। तर तिनीहरू ता लुटन आएका डाकूहरू जस्तै मनपरी आक्रमण गर्न थाले। प्रलोभनमा परेर घरको कोठादेखि अत्यन्त टाढ़ा अज्ञात ठाउँमा फालिनुलाई खोरभित्र पसे।"
तीमध्ये कुनै कमजोर मुसोले टिप्पणी प्रकट गरयो-"भाग्यको कुरो हो त्यो सबै नै।" जेठो मुसोले तत्कालै भन्यो-"भाग्य भन्ने कुनै कुरो हुँदैन। अनुशासनको कुरो हो त्यो। हामी पनि अनुशासनमा नबसेर सीमाभित्र रहेनौं भने हाम्रो हालत पनि त्यस्तै हुन्छ।"

जेठो मुसोलाई सबैले सम्मान गर्थे, तसर्थ अरू सबै मुसाहरू जेठो मुसोको कुरो स्वीकार्दै आफ्ना-आफ्ना आहारका खोजीतिर लागे।

(i) "सीमा नाघेर उपद्रो गर्नुहुँदैन" भन्ने को हुन् ? उनले किन त्यसो भनेका हुन् ? [2]

(ii) घरमा भएका मुसाहरू कस्ता थिए ? [2]

(iii) बाहिरबाट घुसेका मुसाहरूले कस्तो उत्पात मच्चाउन थाले ? [2]

(iv) परिवारले ती मुसाहरूलाई हटाउन कस्तो उपाय निकाले ? [2]

(v) प्रस्तुत कथाले के सन्देश दिन्छ ? [2]

## Question 4

Answer the following questions according to the instructions given :— [8]

तल दिइएका निर्देशन अनुसार प्रश्नहरूका उत्तर लेख :—

(i) प्रस्तुत वाग्धाराको सठीक उत्तर चुनेर लेख :

जिब्रो टोक्नु .............

(a) खाना खानु

(b) मीठो मान्नु

(c) मृत्यु हुनु

(d) रगत आउनु

(ii) तलका शब्द समूहबाट नेपाली ऋतुको नाम छानेर लेख।

(a) असार

(b) जेठ

(c) माघ

(d) बसन्त

(iii) तलका शब्दको सठीक विपरीत अर्थ छानेर लेख :—

निरक्षर

(a) अक्षर

(b) साक्षर

(c) अनिरक्षर

(d) क्षर

(iv) सार शब्द छानेर लेख :—

घेरै आयु भएको ______ ।

(a) अल्पायु

(b) आयु

(c) दीर्घायु

(d) अमर

(v) सठीक शब्द छानेर उखानलाई पूरा गर :—

नपाउनेले केरा पायो बोक्रैसित .........

(a) खायो

(b) पकायो

(c) काट्यो

(d) राख्यो

(vi) प्रस्तुत शब्दको अर्थ छानेर लेख :—

नभचर ........

(a) नभएको प्राणी

(b) पानीमा जिउने प्राणी

(c) आकाशमा उड्ने प्राणी

(d) जमीनमा जिउने प्राणी

(vii) तलका शब्दको पर्यायवाची शब्द चुनेर लेख।

चक्षु..................

(a) शशी

(b) निर्धन

(c) लोचन

(d) छुरी

(viii) प्राणीको बच्चाको नाम लेख।

बिरालोको ................

(a) बच्चा

(b) न्याउरो

(c) बाछा

(d) पाठो

**SECTION—B (40 Marks)**

*Questions from only* ***two*** *of the following textbooks are to be answered.*

*Attempt* ***four*** *questions from this Section.*

*You must answer at least* ***one*** *question from each of the* ***two*** *books, you have studied and* ***any two*** *other questions from the same books that you have chosen.*

## साहित्य कुञ्ज – गद्य खण्ड

## SAHITYA KUNJ – GADYA KHAND

### Question 5

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

उसको मुख पनि खूब लाग्ने थियो।

"तिम्रो बाबु पनि ऐले पो गाड़ीको मालिक भयो। हिजो अस्तिसम्म के थियो सबलाई थाहा छ, टाढ़ाको इतिहास होइन। मेरी बैनी कालीमाई भई। तिमी साह्रै राम्री। मेरो अनुहार त्यस्तो भए म त झुण्डेर मर्ने थिएँ, कुन आशाले के गर्न बाँचिरहेकी ?...."

**चपरासी – इन्द्रबहादुर राई**

**Chaprasi – Indrabahadur Rai**

(i) प्रस्तुत अवतरणमा 'उसको' भनेर कसको कुरा गरिएको हो ? [2]

(ii) यहाँ कुन विषयमा कस-कसको माझमा भनाभैरी भएको हो ? [2]

(iii) वक्ताले कसलाई किन त्यसो भनेका हुन् ? [3]

(iv) कथाकार इन्द्रबहादुर राईले प्राप्त गरेका कुनै तीनवटा पुरस्कारहरूका नाम लेख। [3]

## Question 6

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

जेनीले पनि सरलाई देखी। कुनै दिन त्यही मानिसले उसको जीवनमा ज्वारभाटा ल्याएथ्यो। त्यही मानिसलाई देख्दा अतीत सबै सम्झी तर कुनै असर परेन मनमा।

**जिउँदो लाश – मटिल्डा राई**

**Jiwdo Lash – Matilda Rai**

(i) जेनीले कसलाई औ कहाँ देखी ? [2]

(ii) 'ज्वारभाटा' र 'अतीत' शब्दको अर्थ लेख। [2]

(iii) रेमण्ड सरलाई देख्दा किन जेनीलाई कुनै असर परेन ? [3]

(iv) कथाकार मटिल्डा राईको जन्म र उनको सबैभन्दा चर्चित कथाको नाम लेख। [3]

## Question 7

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित गद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

एक हातले छोरीलाई तानेर आफूतिर टसाउँदै धनराज बोले - "होइन तिमीलाई कसैले त्यसो भन्दैन" अनि अर्को हातले दीपूको निधारको केश पन्साइदिँदै भने "दीपू, दिदीसित झन् मिलेर खेल्नु भनेको त" अनि आँखा चिम्म गरेर मनमनै भने - "दीपू। तेरो आरोप सत्य बनोस् एकदिन।"

**ज्योतिबिनाको उज्यालो : सानु लामा**

**Jyotibinako Ujyalo : Sanu Lama**

(i) प्रस्तुत वार्तालाप कस कसको माझमा भएको हो ? [2]

(ii) आँखा चिम्म गरेर कसले के कुरा मनमनै भने ? [2]

(iii) दीपूले कसलाई, कस्तो आरोप लगाएको थियो ? [3]

(iv) यसभन्दा अघि कस कसले, कस्तो खेल खेल्दै थियो ? [3]

## साहित्य कुञ्ज – पद्य खण्ड

## SAHITYA KUNJ – PADYA KHAND

**Question 8**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

ज्वालामुखी संघर्षको लिएर ब्यूँझन सकूँ अनि
विद्रोह लिएर उभिन सकूँ अनि
क्रान्ति लिएर लम्कन सकूँ अनि
यसरी होमिन पुगूँ आत्म उत्सर्गको बलिवेदीमा।

**मृत्यु : कामना केही मेरा : अगमसिंह गिरी**

**Mrityu : Kamna Kehi Mera : Agamsing Giri**

(i) कवि अगमसिंह गिरी कस्ता कवि हुन् ? [2]

(ii) कवि जाति अस्तित्वको निम्ति कसरी ब्यूँझन चाहन्छन् ? [2]

(iii) कविले केको निम्ति कसरी लम्कन सक्ने इच्छा गरेका छन् ? [3]

(iv) "आत्म उत्सर्ग" भन्नाले के बुझिन्छ ? कविले कसरी आत्म उत्सर्गको बलिवेदीमा होमिने इच्छा गरेका छन् ? [3]

**Question 9**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिति पुग्यो टारेर टर्दैन त्यो
लाखौं औषधि, अस्त्र-शस्त्र महिमा देखेर डर्दैन त्यो
व्याधा - तुल्य लुकेर चल्दछ सदा, मारेर मर्दैन त्यो।

**काल महिमा – लेखनाथ पौड़्याल**

**Kaal Mahima – Lekhnath Paudyal**

(i) कसले राजा र रङ्कमा भिन्नता नगर्दोरहेछ ? व्याधाको अर्थ लेख। [2]

(ii) काल के जस्तो कसरी चल्दोरहेछ ? [2]

(iii) कसले, कसलाई, कसरी टिपेर लाँदोरहेछ ? [3]

(iv) कवि लेखनाथ पौड़्यालका कुनै तीनवटा कृतिहरूका नाम लेख। [3]

## Question 10

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित पद्यांश पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

तिम्रो मृत्यु कहिल्यै छैन
अडिग हिमाल झैं अजर - अमर
सुरक्षित इतिहासका पाता तिमीलाई
शुभकामना, समवेदना राशि राशि
लाखौं लाखौं मुटुका भावना।

**उत्सर्ग : लक्खीदेवी सुन्दास**

**Utsarga : Lakhidevi Sundas**

(i) कवयित्री लक्खीदेवी सुन्दासका कुनै दुईवटा पुस्तकका नाम लेख। [2]

(ii) यहाँ कसलाई "तिम्रो मृत्यु कहिल्यै छैन" भनिएको हो ? [2]

(iii) अडिग, सुरक्षित र अमर शब्दको अर्थ लेख। [3]

(iv) किन कसले लाखौं लाखौं मानसिहरुका हृदयबाट राशि राशि शुभकामना, समवेदना प्राप्त गर्दोरहेछन् ? [3]

### भ्रमर – रूपनारायण सिन्हा

### BHRAMAR – RUPNARAYAN SINHA

## Question 11

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

शेखर लुगाको धूलो झार्दै उठयो। वर्चहिलबाट तलतिर ओह्रेर ती दुइ दार्जीलिङको मूल सडक कार्ट रोडबाट शहरतिर फर्कन लागे। एकैनासका लुगा लगाएका तीनवटी तरूणीहरू तिनीहरूभन्दा केही बीस पच्चीस कदम अधि जाँदैछन्।

**दुर्घटना**

**Durghatna**

(i) ती एकै नासका लुगा लगाएका युवतीहरू को को थिई ? [2]

(ii) शेखर र मोहन कहाँबाट फर्किरहेको थियो ? [2]

(iii) त्यस समय त्यहाँ कस्तो घटना घट्यो ? [3]

(iv) युवतीको अनुहार देखेर शेखरले के भन्यो ? [3]

### Question 12

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

मोहनलाई बूढ़ाका प्रशंसा र खातिरले सङ्कोचमा पारयो। त्यसले हतार हतार उत्तर दियो, "हेर्नोस हामी, स्वयंसेवक भएर आज यहीं काम गर्न भनी निस्केका। तपाईलाई मैले अलिकति पनि सहाय गर्न सकेको भए म आफूलाई घन्य ठान्छु। बिदा पाऊँ - म हिंड़ें।"

**बनारसको घाटमा माया**

**Banaras Ko Ghatma Maya**

(i) मोहनको पूरा नाम लेख। उनी कहाँ के पढ़न गएका थिए ? [2]

(ii) मोहनले बूढ़ालाई कसरी सहायता गरे ? [2]

(iii) 'स्वयंसेवक' भनेको के हो ? 'यही काम' भन्नाले कस्तो काम बुझिन्छ ? [3]

(iv) बूढ़ा भनेर कसको बारेमा कुरा गरिएको हो ? उनले किन मोहनको प्रशंसा गरेका हुन् ? [3]

### Question 13

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

मैना देवी चूप लागेको देखेर ललितसिंहले अल्लि रिसाएर भने, "किन चूप लागेको ? आजै वीणालाई यो कुरा सुनाऊ, पर्सि आइतबार कर्णेल साहेब आफै कन्या हेर्न आउनुहुनेछ।" मैना देवी तैपनि निरूत्तर रहिन्।

**कालीघाटको मन्दिरमा**

**Kalighatko Mandirma**

(i) ललितसिंह कोसँग किन रिसाएका हुन् ? [2]

(ii) "यो कुरा" भन्नाले कुन कुरा बुझिन्छ ? [2]

(iii) वीणाको बिहेको कुरा सुनेर मैनादेवीलाई कस्तो अनुभव भयो ? उनले पतिको यस कुरालाई किन प्रतिवाद गर्न सकिन ? [3]

(iv) वीणालाई बिहेको निम्ति हेर्न आउने केटा कतिसम्म पढ़ेको र कति रूपियाँको चाकरी गर्दौरहेछ ? [3]

## एकाङ्की कुञ्ज
## EKANKI KUNJ

**Question 14**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

मेरो छोरा ज्ञानी हुनु, ध्यानी हुनु, धेरै पढ़नु, ठूलो भएर कर्नेल-जर्नेल, क्याप्टन हुनु.-काका जस्तै ओ सी हुनु–आजुको दिन नवदुर्गा माता, भगवती माताले यसलाई आर्शिवाद दिऊन, सँधै यसको रक्षा गरुन्।

**टीका – मोहन पुकार**

**Tika – Mohan Pukar**

(i) उक्त वाक्य कसले, कसलाई भनेको हो ? [2]

(ii) त्यस घरमा के को तयारी भइरहेको थियो ? [2]

(iii) जेठा बड़ाईले भाइलाई के सम्म बनाएको थियो र तिनको भाइ कहाँ बस्थे ? [3]

(iv) के कारण जेठा बड़ाईको इच्छा पूरा हुन सकेन ? [3]

**Question 15**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

दाल चामलको हप्तावारी बाँकी दश रुपियाँ तिरिदिएँ। अँ मैले तिरेको छु है फेरि तँ डबल तिर्लास्। एक रुपियाँ पार्टीको चन्दा पनि तिरिदिएँ। देवी पूजाको चन्दा पनि एक रूपियाँ नै माँग्दै थियो कि मैले आठ आना मात्रै दिएँ।

**म भात खान्नँ – रामलाल अधिकारी**

**Ma Bhaat Khanna – Ramlal Adhikari**

(i) उक्त अवतरणमा कसले कसलाई हिसाब किताब बुझाइ रहेको छ ? [2]

(ii) आलेका कतिजना छोरा छोरी थियो ? [2]

(iii) के कारण आलेले घरमा मासु ल्याउनु नसकेको रहेछ ? [3]

(iv) रामलाल अधिकारीले प्राप्त गरेका तीनवटा पुरस्कारहरूका नाम लेख। [3]

**Question 16**

Read the extract given below and answer in **Nepali** the questions that follow :—

निम्न अवतरित उद्धरण पढ़ अनि त्यसपछि सोधिएका प्रश्नहरूका उत्तर **नेपालीमा** लेख :—

"मो कुदेर गोयो। कटुवाल बुढ़ोले हातको इसाराले यो केटा (कटुवाललाई देखाउँदै) चाहिँ मेरो जिम्मा लाइहाल्यो। पछि उसको गाई- वस्तु, तुल-फूल इत्यादि मलाई जिम्मा लाएर एकक्षणमा त दुइजना फुस्सै भइहाल्यो।"

**साहिनु – सानुभाइ शर्मा**

**Sahenu – Sanubhai Sharma**

(i) प्रस्तुत अवतरणका वक्ता को हो ? उ किन, कहाँ कुदेर गएछ ? [2]

(ii) कटुवाल दम्पत्तीको मृत्यु के कारण भयो ? [2]

(iii) कटुवाल बूढ़ोले कसलाई औ किन कसको जिम्मा लगाएर मरे ? [3]

(iv) सानुभाइ शर्माका कुनै तीनवटा नाटकको नाम लेख। [3]